# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १/०८२/०८३ **मितिः** २०८२/०४/०१

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

### उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |
| आमन्त्रित | | |
| कार्यवाहक वडाअध्यक्ष, वडा नं ५ | श्री विष्णुप्रसाद कँडेल | उपस्थित |

**प्रस्ताव नं १ कर्मचारीहरुको तहवृद्धि सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकामा कार्यरत देहाय बमोजिमका कर्मचारीहरु स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिम एक तह माथिको पदमा तहवृद्धि हुनका लागि योग्य भई तहवृद्धि सिफारिस समितिबाट एक तह माथिको पदमा तह वृद्धि हुन सिफारिस भई निर्णयार्थ प्रस्ताव पेश भएको ।

(कर्मचारीको विवरण अर्को पानामा)

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा उल्लेख भए बमोजिमका कर्मचारीहरुको तहवृद्धिका सम्बन्धमा सिफारिस समितिको सिफारिस बमोजिम सबै योग्यता पुगेको मितिबाट ज्येष्ठता कायम हुने गरी तहवृद्धि गर्ने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नामथर | हाल कायम रहेको | | | तहवृद्धि भई कायम हुने | |
|---|---|---|---|---|---|---|
| | | पद | सेवा/समूह | तह | पद | तह |
| १ | निरज अधिकारी | ईञ्जिनयर | स्था.इ/सिभिल | अधिकृतस्तर सातौं | ईञ्जिनयर | अधिकृतस्तर आठौं |
| २ | निता नेपाल | ईञ्जिनयर | स्था.इ/सिभिल | अधिकृतस्तर सातौं | ईञ्जिनयर | अधिकृतस्तर आठौं |
| ३ | खगेन्द्रबहादुर लिङ्देन | सहायक | स्था.प्र./सा.प्र. | सहायकस्तर पाचौं | अधिकृत | अधिकृतस्तर छैटौं |
| ४ | सुरज राजवंशी | सहायक | स्था.प्र./सा.प्र. | सहायकस्तर पाचौं | अधिकृत | अधिकृतस्तर छैटौं |
| ५ | कृष्ण नेपाल | सहायक | स्था.प्र./सा.प्र. | सहायकस्तर पाचौं | अधिकृत | अधिकृतस्तर छैटौं |
| ६ | सौजन कटुवाल | सहायक | स्था.प्र./सा.प्र. | सहायकस्तर पाचौं | अधिकृत | अधिकृतस्तर छैटौं |
| ७ | चुडामणी खनाल | लेखा सहायक | स्था.प्र./लेखा | सहायकस्तर पाचौं | लेखा अधिकृत | अधिकृतस्तर छैटौं |
| ८ | सूर्यमाला पन्दाक | म.वि.नि. | स्था.प्र./विविध | सहायकस्तर पाचौं | अधिकृत | अधिकृतस्तर छैटौं |
| ९ | शान्ती गड्तौला | म.वि.नि. | स्था.प्र./विविध | सहायकस्तर पाचौं | अधिकृत | अधिकृतस्तर छैटौं |
| १० | कमला शिवाकोटी | म.वि.नि. | स्था.प्र./विविध | सहायकस्तर पाचौं | अधिकृत | अधिकृतस्तर छैटौं |
| ११ | सुरेन्द्र अर्याल | सहायक | स्था.प्र./सा.प्र. | सहायकस्तर पाचौं | अधिकृत | अधिकृतस्तर छैटौं |
| १२ | समिरा दाहाल | प्राविधिक सहायक | स्था.शिक्षा/शि. | सहायकस्तर पाचौं | अधिकृत | अधिकृतस्तर छैटौं |
| १३ | इन्दिरा भट्टराई | सि.अ.न.मी. | स्वा./प.हे.न | सहायकस्तर पाचौं | सि.अ.न.मि. अधिकृत | अधिकृतस्तर छैटौं |
| १४ | छविरमण पोखरेल | सव इञ्जिनियर | स्था.इ/सिभिल | सहायकस्तर पाचौं | ईञ्जिनयर | अधिकृतस्तर छैटौं |
| १५ | सन्तोष पोखरेल | सव इञ्जिनियर | स्था.इ/सिभिल | सहायकस्तर पाचौं | ईञ्जिनयर | अधिकृतस्तर छैटौं |
| १६ | चिरञ्जिवी खवास | सर्भेक्षक | स्था.इ./सर्वे | सहायकस्तर पाचौं | नापी अधिकृत | अधिकृतस्तर छैटौं |

**<u>प्रस्ताव नं २ बहुवर्षीय आयोजनाहरुको म्याद थप सम्बन्धमा ।</u>**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकामा संञ्चालनमा रहेका देहाय बमोजिम आयोजनाहरुको निर्माण अवधि २०८२ आषाढ मसान्तसम्म रहेकोमा निम्न बमोजिमका कारणले ती आयोजनाहरुको म्याद थप गर्नुपर्ने भई सो सम्बन्धमा निर्णयार्थ प्रस्ताव पेश भएको ।

| ठेक्का नं | ठेक्काको विवरण | म्याद समापन भएको मिति | म्याद थप गर्नुपर्ने अवधि | कारण |
|---|---|---|---|---|
| AM/NCB/ WORKS/ 11-79/80 | Construction of Integrated Emergency Response Centre (IERC) | २०८२-०३-१५ | २०८२-०७-३० | निर्माणस्थलमा साइट क्लियर गर्न समय लागेकोले |
| AM/NCB/ WORKS/ 28-77/78 | Haluwagadh Eco Tourism Promotion Project, Arjundhara-1 | २०८१-११-३० | २०८२-११-३० | नेपाल सरकारबाट उपलब्ध हुने स्रोत अभाव भएकाले |

**<u>निर्णयको व्यहोराः</u>** उक्त प्रस्तावमा उल्लेख भए बमोजिमका आयोजनाहरुको प्रस्तावमा उल्लेख भए अनुसार हुने गरी निर्माण सम्पन्न गर्ने म्याद लागि थप गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**प्रस्ताव नं ३ करार सेवाका कर्मचारीहरुको करार सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको स्वीकृत दरबन्दी अन्तर्गत करार सेवाबाट पदपूर्ती भई कार्यरत रहेका कर्मचारीहरु, वार्षिक बजेटमा श्रोत सुनिश्चित भई स्वीकृत भएका अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरु, नेपाल सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत स्वीकृत अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरुको करार अवधि यही २०८२ आषाढ मसान्तमा समापन भई निजहरुको कार्यसम्पादन मूल्याङ्कन तथा कार्यबोझ अनुसार करार नविकरण हुन आवश्यक रहेको भनी करार सम्झौताका लागि निर्णयार्थ पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भए बमोजिम अर्जुनधारा नगरपालिकाको स्वीकृत दरबन्दी अन्तर्गत करार सेवाबाट पदपूर्ती भई कार्यरत रहेका कर्मचारीहरु, नगरपालिकाको वार्षिक बजेटमा श्रोत सुनिश्चित भई स्वीकृत भएका अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरु, नेपाल सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत स्वीकृत अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरुको सेवा शर्त तथा सुविधाका सम्बन्धमा साविकमा रहेको व्यवस्थामा देहाय बमोजिम थप गर्ने गरी करार अवधि २०८३ आषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

क. नगर प्रहरीहरुको आधारभुत पारिश्रमिक सो पदको सुरु तलबमान अनुसार कायम गर्ने।

ख. करार सेवाका कर्मचारीहरुलाई प्रचलित कानून बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गर्ने ।

ग. करार सम्झौता गर्दा ६/६ महिनाको अवधि निर्धारण गरी सम्झौता गर्ने र पहिलो चरणको अवधिको कार्यसम्पादन मूल्याङ्कन बमोजिम कार्यसम्पादन सन्तोषजनक देखिएका कर्मचारीहरुलाई दोश्रो चरणमा करार गर्ने।